## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

### विवरण सार्वजनिक गरेको अवधि २०७९।१०।०१ देखि २०७९।१२।३० सम्म

ऐन, २०७३ बमोजिम संचालित ५ जिल्ला कार्य क्षेत्र भएको "ख" वर्गको विकास बैंक हो ।
१. *निकायको स्वरुप र प्रकृति :* सिन्धु विकास बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी
२. *निकायको काम , कर्तव्य र अधिकार :* यस विकास बैंकको काम, कर्तव्य र अधिकार, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले तोके बमोजिमका रहेका छन् ।
३. *निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:* यस विकास बैंकमा हाल कार्यरत कर्मचारी संख्या १८८ रहेको छ र निज कर्मचारीहरुको विवरण समय समयमा बैंकले तोके बमोजिम हुनेछ ।
४. *निकायबाट प्रदान गरिने सेवा :* यस विकास बैंकले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम "ख" वर्गको विकास बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ सेवाहरु रहेका छन् ।
५. *सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी :* यस विकास बैंकका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण बैंकको आधिकारीक वेबसाईट www.sindhubank.com.np मा उपलब्ध छ ।
६. *सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी :* यस विकास बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी बैंकको आधिकारीक वेबसाईटमा उपलब्ध छ ।
७. *निर्णय गर्ने प्रकृया र अधिकारी :* यस विकास बैंकको बैंकिङ कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रिकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।
८. *निर्णय उपर उजुरी सुन्ने अधिकारी :* यस विकास बैंकमा प्राप्त गुनासो, उजुरी तथा सुझावहरु उपर गम्भिरता पूर्वक मनन् गरी उक्त उजुरी एवं सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रिकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुने छ ।
९. *सम्पादन गरेको कामको विवरण:* यस विकास बैंकले, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम ख वर्ग अन्तर्गतका विकास बैंकले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण बैंकिङ कार्य सँग सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै बैंकको वेबसाईटमा पनि सूचनाहरु राखिएको छ ।
१०. *सूचना अधिकारी र प्रमुखको नाम र पद:*
सूचना अधिकारीको नाम : श्री रबिन कुँवर क्षेत्री - प्रबन्धक
प्रमुखको नाम : श्री राम कुमार गिरी - प्रमुख कार्यकारी अधिकृत ।
११. *ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:* नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ ।
१२. *आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण :* यस विकास बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरणको वेवसाईटको Financial Report खण्डमा उपलब्ध छ ।
१३. *तोकिएको बमोजिको अन्य विवरण :*
१४. *अघिल्लो आ.व.मा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :* वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम, सेमिनार तथा गोष्ठी आदी ।
१५. *निकायको वेवसाईट भए सो को विवरण :* www.sindhubank.com.np
१६. *निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :* नभएको
१७. *निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगती विवरण :* वार्षिक प्रतिवेदन, प्रकाशन गरिएका त्रैमासिक आर्थिक विवरणहरु बैंकको वेवसाईटमा समेत राखिएको छ ।
१८. *निकायमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण :* नभएको ।
१९. *निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भए सो को विवरण :* प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ बमोजिमका विवरणहरु ।

**Sindhu Bikash Bank Ltd.**

**सिन्धु विकास बैंक लि.**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)

प्रधान कार्यालयः बाह्रबिसे-८, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालयः बनेपा, काभ्रे, फोनः ०११-६६२३४०/४१, टोल फ्रि नं. १६६०११२२०१०
E-mail: info@sindhubank.com.np, Website: http://www.sindhubank.com.np

लि बुद्धनगर, कामनपा । गो हुकादर्त १४/०७८/०७९ । अध्यक्ष : भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक : शिशीर भट्ट । सम्पादक : बालकृष्ण ज्ञवाली
Chairman: Bhaban Bhatta | Managing Director/ Managing Editor: Shisheer Bhatta | Editor: Balkrishna Gnawali